# विद्युत नियमन आयोग

**सानो गौचरण, काठमाडौं**

## विद्युत नियमन आयोगको वृद्धि सेवा शुल्क (Incremental Service Fee) लागू गरिएको सम्बन्धी सूचना

विद्युत नियमन आयोगले सेवाग्राहीहरूलाई नियमनकारी सेवा उपलव्ध गराए बापत प्रचलित कानुन बमोजिम लिनुपर्ने सेवा शुल्कलाई सरल र व्यवस्थित बनाउनका लागि वृद्धि सेवा शुल्क (Incremental Service Fee) लागू गर्न विद्युत खरिद बिक्री तथा अनुमति प्राप्त व्यक्तिले पालना गर्नुपर्ने शर्तसम्बन्धी विनियमावली, २०७६ को हकमा विद्युत नियमन आयोग ऐन, २०७४ को दफा ४२ र विद्युत नियमन आयोग अनुमतिपत्र प्राप्त व्यक्ति एक आपसमा वा अन्य संगठित संस्थासँग गाभिन, आपसमा मिल्न, शेयर खरिद, संरचनाको खरिद बिक्री वा हस्तान्तरण, प्राप्ति वा ग्रहण सम्बन्धी निर्देशिका, २०७७ र विद्युतसम्बन्धी कम्पनीको शेयरको सार्वजनिक निष्कासनको पूर्वस्वीकृति तथा नियमन सम्बन्धी निर्देशिका, २०७८ को हकमा सोही ऐनको दफा ४३ ले दिएको अधिकार प्रयोग गरी तपसिल बमोजिम संशोधन गरी सेवा शुल्कमा हेरफेर गरिएको र सो सेवा शुल्क सम्बन्धी व्यवस्था मिति २०८२ साउन १ देखि लागू हुने व्यहोरा सम्बन्धित सबै सरोकारवालाहरूका जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

### विद्युत खरिद बिक्री तथा अनुमति प्राप्त व्यक्तिले पालना गर्नुपर्ने शर्तसम्बन्धी विनियमावली, २०७६ मा भएको संशोधन

**१. विनियम १७ को उपविनियम (२) को सट्टा देहाय बमोजिमको उपविनियम (२) राखिएको छः**

"(२) उपविनियम (१) बमोजिम शेयर संरचना परिवर्तनको पूर्व स्वीकृतिका लागि पहिलो पटक आयोगमा निवेदन दिने कम्पनीका हकमा कायम हुने चुक्ता पूँजीका आधारमा दश करोड रुपैयाँसम्मको लागि एक लाख रुपैयाँ र सोभन्दा माथि प्रत्येक दश करोडसम्मको लागि पचास हजार रुपैयाँ सेवा शुल्क बुझाएको सक्कल बैंक भौचर आयोग समक्ष बुझाउनुपर्नेछ ।"

**२. विनियम १७ को उपविनियम (२) पछि देहाय बमोजिमको उपविनियम (२क) थप गरिएको छः**

"(२क) उपविनियम (१) बमोजिम शेयर संरचना परिवर्तनको पूर्व स्वीकृतिका लागि दोस्रो पटक वा सोभन्दा पछि आयोगमा निवेदन दिने कम्पनीका हकमा परिवर्तन हुने पूँजीका आधारमा दश करोड रुपैयाँ सम्मको लागि एक लाख रुपैयाँ र सोभन्दा माथि प्रत्येक दश करोडसम्मको लागि पचास हजार रुपैयाँ सेवा शुल्क बुझाएको सक्कल बैंक भौचर आयोग समक्ष बुझाउनुपर्नेछ ।"

**३. विनियम १७ को उपविनियम (४) पछि देहाय बमोजिमको उपविनियम (५) र (६) थप गरिएको छः**

"(५) यस परिच्छेदको प्रयोजनका लागि शेयर संरचना परिवर्तन भन्नाले विद्युत सम्बन्धी अनुमति प्राप्त कम्पनीको शेयर संरचनामा जुनसुकै तवरले पाँच प्रतिशत भन्दा बढी परिवर्तन ल्याउने तलकामध्ये कुनै वा सबै परिवर्तनलाई जनाउनेछ तर अधिकृत पूँजी वा जारी पूँजीमा गरिएको वृद्धिलाई जनाउने छैन ।

(क) विद्युत सम्बन्धी अनुमति प्राप्त कम्पनीको शेयर खरिद बिक्री भई चुक्ता पूँजीमा हुने परिवर्तन,

(ख) बोनस शेयर वा शेयरको सार्वजनिक निष्कासन,

(ग) चुक्ता पूँजीमा परिवर्तन नभइकन शेयर स्वामित्व मात्र परिवर्तन हुने गरी गरिएको शेयरको खरिद बिक्री ।

(६) उपविनियम (५) बमोजिम चुक्ता पूँजीमा परिवर्तन नहुने गरी विद्यमान शेयर धनीहरूवीच वा विद्यमान र नयाँ शेयर धनीहरूवीच हुने शेयर खरिद बिक्रीका सन्दर्भमा खरिद बिक्री कारोबार रकमलाई आधार मानेर निम्नानुसार शुल्क लाग्नेछः

(क) दश करोड रुपैयाँ कारोबार रकम सम्मको आधार मुल्यको लागि रु. १,००,०००/-(एक लाख रुपैयाँ मात्र)

(ख) दश करोड रुपैयाँ भन्दा माथि प्रत्येक थप दश करोड सम्मकोलागि थप रु. ५०,०००/-(पचास हजार रुपैयाँ मात्र)

(ग) तर चुक्ता पूँजीमा परिवर्तन पनि हुने र विद्यमान शेयरधनीहरू बिच वा विद्यमान र नयाँ शेयरधनीहरू बिच हाल आफूसँग भएका शेयरको पनि खरिद बिक्रीका लागि एकैचोटि निवेदन परेको खण्डमा चुक्ता पूँजीमा हुने वृद्धि रकम र शेयर खरिद बिक्री कारोबार रकम मध्ये जुन बढी हुन्छ त्यसैलाई आधार मानेर शुल्क निर्धारण गरिनेछ।"

**४.अनुसूची-४ को खण्ड (३) मा भएको संशोधन**

"एक हजार मेगावाट भन्दा माथिका आयोजनाको हकमा एकमुष्ट रु. १,२०,००,०००। (एक करोड बीस लाख)" भन्ने वाक्यांशको सट्टा "एक हजार मेगावाट भन्दा माथिका आयोजनाको हकमा जतिसुकै मेगावाट भए पनि एकमुष्ट रु. १,२०,९०,०००/-(एक करोड बीस लाख नब्बे हजार रुपैयाँ मात्र)" भन्ने वाक्यांश राखिएको छ ।

**विद्युत नियमन आयोग अनुमतिपत्र प्राप्त व्यक्ति एक आपसमा वा अन्य संगठित संस्थासँग गाभिन, आपसमा मिल्न, शेयर खरिद, संरचनाको खरिद बिक्री वा हस्तान्तरण, प्राप्ति वा ग्रहण सम्बन्धी निर्देशिका, २०७७ मा भएको संशोधन**

**अनुसूची-१२ को स्पष्टीकरणको सट्टा देहाय बमोजिमको स्पष्टीकरण राखिएको छ-**

"यस अनुसूचीको प्रयोजनार्थ आधार मूल्य भन्नाले—

(१) आपसमा गाभिने र आपसमा मिल्ने कार्यको हकमा संलग्न हुने पक्षहरूको चुक्ता पूँजीको योगलाई सम्झनु पर्छ।

(२) संरचना वा आयोजनाको खरिद बिक्री वा हस्तान्तरण र प्राप्ति वा ग्रहणको हकमा निवेदकको पछिल्लो कूल चुक्ता पूँजी वा शेयर संरचना परिवर्तन हुने भएमा सो पश्चात् कायम गरिने कूल चुक्ता पूँजी मध्ये जुन बढी हुन्छ सोलाई सम्झनु पर्छ।

(३) पहिलोपटक शेयर खरिद बिक्रीका लागि निवेदन दिने कम्पनीका हकमा कायम हुने चुक्ता पूँजीलाई तथा दोस्रोपटक वा सोभन्दा पछि प्राप्त हुने निवेदनका हकमा हेरफेर वा वृद्धि हुने पूँजीलाई सम्झनु पर्छ।"

**विद्युतसम्बन्धी कम्पनीको शेयरको सार्वजनिक निष्कासनको पूर्वस्वीकृति तथा नियमन सम्बन्धी निर्देशिका, २०७८ मा भएको संशोधन**

अनुसूची ६ मा भएको "प्रस्तावित शेयरको सार्वजनिक निष्कासन पश्चात् कायम हुने चुक्ता पूँजीको आधारमा" भन्ने वाक्यांशको सट्टा "प्रस्तावित शेयरको सार्वजनिक निष्कासन रकमको आधारमा" भन्ने वाक्यांश राखिएको छ।